# २००७ सालको गोरखा-क्रान्ति र मेरा बा : केही खोजी, केही स्मृति

तीर्थराज वन्त

२००७ सालको माघ महिनाको जाडो दिन । गते र बार सम्झना भएन । गोरखा बगुवामा हाम्रो नयाँ घर बनाएको धेरै समय भएको थिएन । झ्यालमा खापा समेत हालिसकिएको थिएन । कपडाको पर्दा मात्र हालेर काम चलाइरहेका थियौँ ।

एकाबिहानै म निद्राबाट बिउँझिएँ । मेरा आँखा ओछ्यान सोझै झ्यालबाट बाहिर देखिने माथिल्लो गरामा रहेको बेलौतीको बोट छेउको एउटा आकृतिमा पऱ्यो । त्यो आकृति कालो लबेदा सुरुवाल लाएको, कालै अर्धचन्द्राकार चिह्न भएको गोलो टोपी लगाएको, हातमा बन्दुक लिएर र ओढ्ने ओढेर ठिंग उभिइरहेको थियो ।

माथि कोठाबाट म तल आँगनमा ओर्लिएँ । आँगनमा र वरपर त्यस्तै लुगा लगाएका अरू मानिस पनि उभिइरहेका थिए । हाम्रो मात्र होइन, अरू बाहरूको घर पनि उनीहरूले घेरेका रहेछन् । गाउँका सबै नाकामा सिपाहीहरू खटिएका थिए भन्ने कुरा पछि थाहा भयो ।

त्यस बेलाका सिपाहीहरूको बर्दी कालो कपडाको लबेदा सुरुवाल, चाँदीको अर्धचन्द्राकार (चाँद) चिह्न सिउरेको कालो गोलो टोपी, सेतो रङ लगाएको पेटी, पेटीमा खुकुरी भिरेको र जुत्ता (नेपाली) हुन्थ्यो । अझै पनि यो बर्दी लगाएका केही सिपाही काठमाडौँ हनुमानढोकामा तैनाथ भएको देख्न पाइन्छ । पछि गुरुज्यूको पल्टन भनिने यी सिपाही विभिन्न जात्रा तथा दशैँमा फूलपाति भित्र्याउने अवसरमा सक्रिय देख्न सकिन्छ ।

आँगनमा आएका सिपाहीसँग साहिँला बाका जेठा छोरा चिनिया दाइ (हिक्मतराज वन्त) ले उनीहरू आउनुको प्रयोजनबारे सोध्नु भयो । गाउँको डाँडामा रहेको हाम्री ठुली फुपूले बनाउनु भएको मैयाको चौतारामा उनीहरू बसेका रहेछन् । आजभोलि त्यहाँ सानो बजारै भइसकेको छ । चिनिया दाइले ठट्टा गरेजस्तो गरी भन्नुभयो, “मैले थाहा पाएको भए तिमीहरूलाई त्यहीँ आएर काटिदिन्थेँ ।” दाइ अग्लो, मोटो र असाध्य बलियो जिउडालको हुनुहुन्थ्यो ।

ती सिपाही मेरा बा गणेशराज वन्तलाई पक्राउ गर्न आएका रहेछन् ।

***

नेपालका मुख्तियार भीमसेन थापाका समकालीन मुलुकी खरदार मेजर गुणवन्त सिंहका (वि.सं. १८४४–१८९२) पिता विद्याधरको वंशानुक्रममा गणेशराज वन्त पाँचौँ पुस्तामा

*समाज अध्ययन* १५ : २६७–२७७, २०७७

पर्नुहुन्छ । उहाँको जन्म वि.सं. १९६७ मा भएको थियो । पिता शाम्बराज वन्त तथा माता अष्टलक्ष्मीका छोराहरूमा उहाँ साहिँला हुनुहुन्थ्यो । तर शाम्बराजका तीन पत्नीका आठ छोराहरूमा भने छैठौँ नम्बरमा पर्नुहुन्थ्यो । उहाँ गोरखाको बगुवा गाउँमा (हालको भीमसेन थापा गाउँपालिका) जन्मी हुर्किनु भएको हो । गाउँमै पोखरेल थरका पण्डितहरूबाट प्रारम्भिक शिक्षा हासिल गर्नु भएपछि तात्कालिक चलन अनुसार उहाँलाई थप पढ्न काठमाडौँ पठाइएको थियो । ठ्याक्कै कुन सालमा उहाँ काठमाडौँ जानुभयो भन्न नसकिए पनि त्यो करिब १९८५ सालको आसपास हुनुपर्छ । ठमेलमा पनि हाम्रो परिवारको घर थियो । त्यहीँ बसेर उहाँले त्यस बेलाको चलन अनुसार अड्डा-अदालतमा जागिर खान योग्यता पुग्ने शिक्षा हासिल गर्नु भएको थियो । त्यस ताका चार पास, छ पास भनिने श्रेस्ता शिक्षा उत्तीर्ण गऱ्यो भने अड्डा-अदालतमा जागिर खान योग्यता पुग्थ्यो ।

राणा कालमा जागिर खान कुनै राणा अथवा ठुला पदमा रहेका राणाका भाइभारदारको चाकडी गर्नु अनिवार्य थियो । उहाँले पनि अड्डामा जागिर खाएको कुरा भन्नु हुन्थ्यो तर कुन अड्डा र कस्तो काम भन्ने कुरा मेरो सम्झनामा छैन । पछि उहाँ नारायणहिटी राजदरबारमा राजा त्रिभुवनको सेवामा रहनुभएको थियो । कुन स्रोतबाट उहाँ राजदरबार सेवामा प्रवेश गर्नुभयो भन्ने कुरा पनि प्रस्ट छैन । सम्भवतः ठमेलका भूपालसिंह प्रधानका बुबा सुचितसिंह प्रधान मार्फत उहाँ त्यहाँ पुगेको हुन सक्छ ।[१] सुचितसिंह त्यस बेलाका ख्यातिप्राप्त संगीतज्ञ तथा सितारवादक हुनुहुन्थ्यो र राजदरबारमा संगीत सिकाउनुहुन्थ्यो । मेरा बाले पनि सिंहसँगबाट संगीत शिक्षा हासिल गर्नु भएको थियो । विशेष गरी तबलावादनमा मेरा बा पोख्त हुनुहुन्थ्यो । सुचितसिंह हाम्रो नातासम्बन्धी पनि हुनुहुन्थ्यो—उहाँ मेरा बाजे शाम्बराजको फुपूको छोरा हुनुहुन्थ्यो । राजा त्रिभुवन र राजपरिवारका अन्य सदस्य पनि संगीतमा अत्यन्त रुचि राख्थे । त्यहाँ आयोजना गरिने संगीत कार्यक्रममा बाले पनि भाग लिने गर्नुहुन्थ्यो । अग्लो, सलक्क परेको जिउडाल भएका मेरा बा राजा त्रिभुवनको खेलकुद टोली र खास गरी फुटबलमा आफू संलग्न भएको चर्चा बेलाबखत गर्नुहुन्थ्यो ।

राजा भए तापनि राजकाजमा त्रिभुवनको खास भूमिका थिएन । तात्कालिक राणा शासकहरूले उनलाई कुनै भूमिका नदिई नारायणहिटीमा बन्दीसरह राखेका थिए । आफ्ना शिक्षक तुलसीमान सिंहसँग पढेर र लुकाई-छिपाई ल्याइएका पुस्तकहरू अध्ययन गरेर त्रिभुवनले देश-विदेशको राजनीतिक स्थितिको ज्ञान हासिल गरेका थिए भन्ने बुझिन्छ । राणाहरूको चंगुलबाट उनले मुक्त हुन चाहेका थिए र राणा विरोधी गतिविधिलाई पुट दिन्थे । वि.सं. १९९३ को जेठतिर केही युवा (टंकप्रसाद आचार्य, रामहरि शर्मा, जीवराज शर्मा,

[१] त्यसताका राजदरबारमा नेवारहरूको पुस्ता-दरपुस्ताले जागिर खाने गरेको कुरा राजदरबारको इतिहास केलाउँदा थाहा हुन्छ । एउटै परिवारको तीन-चार पुस्ताले नारायणहिटी दरबारमा जागिर खाएको म आफैले देखे-बुझेको छु ।

धर्मभक्त माथेमा र दशरथ चन्द) मिलेर नेपाल प्रजापरिषद् नामको राजनीतिक संस्था गठन गरेका थिए (गौतम २०४६) । यो संस्थालाई त्रिभुवनले पनि धन र मनले सहयोग गरेका थिए । राणा शासकहरू विरुद्ध पर्चाबाजी गरेको यो गुप्ती राजनीतिक संगठनका कार्यकर्ता कात्तिक १९९७ मा गिरफ्तार गरिए । बाहिर प्रजापरिषद् गठन भएपछि यसका नेताहरूसँग राजाको सम्पर्क गराउने काममा ड्राइभर मरिचमान नकर्मी, कम्पाउण्डर चन्द्रमान सैंजु र आफू संलग्न रहेको चर्चा पनि बाले गर्नुहुन्थ्यो ।

यसअघि वि.सं. १९९२ मा रक्तपात मण्डल नामको अर्को समूह पनि गठन भएको थियो । यो समूहले राणाहरूलाई कुनै पनि उपाय (हिंसात्मक समेत) प्रयोग गरेर समाप्त गर्ने उद्देश्य लिएको थियो । यसमा दरबारमा काम गर्ने अति विश्वासिला व्यक्तिहरू मात्र संलग्न थिए । बाले भन्नु भएअनुसार त्यस बेला राजाले समूहका सदस्य सबैलाई पशुपति, गौरीघाटमा लगी वाग्मतीको पानीमा हात डुबाएर किरिया खान लगाएका थिए । १९९७ सालमा प्रजापरिषद्का सदस्यहरू गिरफ्तार गरिएपछि उनीहरूलाई अत्यधिक शारीरिक यातना दिइयो । यातना सहन नसकी चन्द्रमान सैंजुले पुरानो रक्तपात मण्डलको समेत पोल खोलिदिए । सो समूहमा संलग्न भएका भनिएका दरबारमा कार्यरत धेरै व्यक्ति गिरफ्तार भए । त्यसरी पक्राउ पर्नेमध्ये मेरा बा गणेशराज वन्त पनि एक हुनुहुन्थ्यो । त्रिभुवन र उनका तीन छोरा (महेन्द्र, हिमालय र वसुन्धरा) लाई समेत उपस्थित गराइ बन्दीहरूलाई केरकार गरिएको थियो । बन्दीहरू सबैलाई हतकडी, नेल, गलफन्दी इत्यादि लगाएर राखिन्थ्यो । सजाय नसुनाउञ्जेल बन्दीहरूलाई चरम शारीरिक यातना दिइएको थियो । यातना दिने क्रममा मेरा बाको मुखमा मुड्कीले हान्दा उहाँको अगाडिको दाँत नै फुक्लिएको थियो । केरकार र अनुसन्धानपछि माघ ६, १९९७ मा बन्दीहरूलाई उनीहरूको "अपराध" अनुसार सजाय सुनाइयो । चार जनालाई ज्यान सजाय, केहीलाई आजन्म कैद, र अरूलाई दुई महिनादेखि १८ वर्षसम्मको कैद जेल सजाय गरिएको थियो । त्यसमध्ये मेरा बालगायत केहीलाई १२ वर्षको कैद सजाय तोकिएको थियो । निर्दोष ठहरिएका केही यसै रिहा गरिए ।

मंसिर १४, २००२ मा तात्कालिक शासक जुद्ध शम्शेर राणा राजकाज त्यागी राजर्षि भएर पाल्पाको रिडीतिर हिँडे । त्योभन्दा एक दिनअघि १९९७ सालको काण्डमा थुनिएका केही बाहेक प्रायः बन्दीहरूलाई रिहा गरियो । मेरा बा पनि सोही क्रममा १२ वर्षको कैद पूरा भुक्तान नभए पनि छुट्नु भएको थियो । तर छाड्नुअघि उहाँहरूलाई राणा सरकार विरुद्ध लाग्ने छैन भनी कागज गराइएको थियो । रिहा गरिएकाहरूको गतिविधि उपर सरकारले निगरानी राख्थ्यो । मेरा बालाई काठमाडौँबाट गोरखा जानु पर्दा पुलिस गोश्वाराको अनुमति लिनु पर्थ्यो अनि गोरखाबाट काठमाडौँ (त्यस ताका नेपाल भनिने) आउनु पर्दा गोरखाको गोश्वाराबाट अनुमति लिनु पर्थ्यो ।

बा जेलबाट छुटेपछि उहाँ, आमा र म गोरखाको गाउँमा फर्क्यौं । बाले गाउँमा खेतीपातीमा ध्यान दिनुभयो । साथै, गाउँलेका छोराछोरीलाई आफ्नै आँगनमा स्याउलाको छाप्रो बनाई पढ्न, लेख्न सिकाउन थाल्नुभयो । पढ्न आउने केटाकेटीहरूलाई धारामा लगी नुहाइदिने, सरसफाइ इत्यादि सिकाउने काम पनि उहाँ गर्नुहुन्थ्यो । काठमाडौँमा नै अक्षर लेख्न-पढ्न सिकेको र ठुलो वर्णमाला पढ्न सक्ने भइसकेकाले गाउँले केटाकेटीलाई काठको पाटीमा धूलो हाली (धूलौटोमा) र ढुंगाको स्लेटमा अक्षर लेख्न सिकाउने काममा मैले पनि लाग्नु परेको म सम्झन्छु । त्यस्तै, सामाजिक नाटकहरू लेखी आफ्नो र वरपरका अन्य गाउँहरूमा पनि उहाँले देखाउने गर्नुभएको थियो । साथै, आफ्नै घरमा गाना-बजाना र भजन-कीर्तनको आयोजना गरी गाउँलेलाई सजग तुल्याउने काम उहाँले २००७ सालसम्मै अनवरत गरिरहनुभयो ।

सामाजिक सँगसँगै भूमिगत राजनीतिक गतिविधिमा पनि बा संलग्न हुनुहुन्थ्यो । र, २००७ सालको गोरखाको क्रान्तिमा सक्रिय नेतृत्व गर्नेहरूमध्ये मेरा बा पनि पर्नु हुन्थ्यो ।[२] पुसको अन्तिम साता गोरखाको सदरमुकाम आक्रमण गरी नियन्त्रणमा लिएर जनसरकार गठन गरेका आन्दोलनकारीहरू आफ्नो असावधानीका कारण भागाभाग गर्नुपरेको थियो (थप तल) । त्यसैले, सिपाहीहरू सदरमुकाम पोखरीथोकदेखि बाहरूलाई खोज्दै आएका थिए । तर, पक्राउ पर्ने जोखिमका कारण बा आफ्नो घरमा नसुती दिनदिनै ठाँउ फेर्दै गाउँलेहरू कहाँ सुत्ने गर्नुहुन्थ्यो । बालाई नभेट्टाए पनि त्यो दिन दिनभरजसो सिपाहीहरू हाम्रो घर घेरेर बसे । हाम्रै घरमा हामीले नै दिएको दाल, चामल, तरकारी पकाएर खाए । अनि साँझपख रित्ताहात फर्केर गए ।

***

नेपालको इतिहासमा २००७ सालको जनक्रान्ति स्वर्णाक्षरले लेखिएको छ । नेपाली जनताले एक शताब्दीभन्दा लामो राणा परिवारको जहानियाँ शासनलाई सशस्त्र आन्दोलन मार्फत उखेलेर फ्याँकेकाले र रैती बन्न अस्वीकार गरेकाले यो आन्दोलनको महत्ता स्थापित भएको हो । यो सशस्त्र आन्दोलनको अगुवाइ नेपाली काँग्रेसले गरेको भए तापनि त्यसअघि स्थापना भएका प्रजापरिषद् र अन्य सामाजिक आन्दोलनले यसको आधारभूमि तयार गर्न मद्दत गरेका थिए । त्यसबाहेक, छिमेकी भारत र अन्यत्र विश्वमा चलिरहेको स्वतन्त्रता आन्दोलन र नेपालबाहिर रहेका नेपालीहरूको सक्रियताको पनि यसमा भूमिका देखिन्छ ।

[२] गोरखा-क्रान्तिका नेतृत्वकर्ता मध्येका एक रत्नकुमार श्रेष्ठ (२०७२ : ३८५) ले लेखेका छन्, “१९९७ सालमा घटित चार जना शहीदको बलिदान र त्यस शहीद पर्वमा बात लागी ढाक्रे बनेका श्री ५ त्रिभुवन र राजपरिवारका संगीत शिक्षक, गोर्खा खाञ्चोक निवासी गणेशराज वन्त र स्व. गणेशमान सिंह जेलबाट भागी गोर्खा आगमन भन्दा ०७ सालको अगाडिका मूल तत्त्व रहेका थिए ।”

यसै क्रममा भारतमा २००३ सालमा संघटित गरिएको नेपाली काँग्रेसले नेपालमा राजनीतिक परिवर्तनका लागि गरेका विभिन्न शान्तिपूर्ण आन्दोलनले अपेक्षित सफलता प्राप्त गर्न नसकेपछि आफ्नो बाटो परिवर्तन गर्‍यो । असोज १०–११, २००७ मा भारतको बैरगनियाँमा नेपाली काँग्रेसका कार्यकर्ताहरूले एक सम्मेलन गरेर नेपालमा सशस्त्र क्रान्ति यथाशीघ्र शुरू गर्ने निर्णय गरे । सोही अनुरूप नेपालका विभिन्न जिल्लामा क्रान्तिको नेतृत्व गर्न नेता-कार्यकर्ताहरू छनोट गरी खटाइएका थिए । त्यसअघि पार्टी गठन भएपछि समय-समयमा विभिन्न नेता-कार्यकर्ताले नेपाली सरहदभित्रका विभिन्न इलाकामा गोप्य भ्रमण गरी पार्टी संगठन विस्तार गर्ने काम गरिसकेका थिए ।[३]

मैले देखे र सम्झे अनुसार राजेश्वर देवकोटा गोरखा जिल्लामा पहिलेदेखि जनतामा राजनीतिक चेत भर्न र संगठित गर्न गोप्य रूपमा काम गर्दै आएका थिए । स्थानीय कार्यकर्ताहरूलाई भेटी क्रान्तिको निम्ति आधार तयार गर्ने काममा उनी लागेका थिए । यसरी गाउँगाउँ घुम्ने र संगठन निर्माण गर्ने क्रममा बगुवाको हाम्रो घरमा राजेश्वर आएका थिए । होचो कदका राजेश्वर बिहान सबेरै धोती लाएर धाराबाट फर्कंदै गरेको दृश्य म अझै सम्झन्छु । उनले त्यस अवसरमा मेरा बा र गाउँका अन्य युवाहरूसँग कुराकानी गरेका थिए । भ्रमणलाई गोप्य राख्न विश्वासिला कार्यकर्ताको घरमा बस्ने र त्यहाँबाट त्यस्तै अर्को इलाकाका विश्वासिला कार्यकर्ताको घरमा जाने व्यवस्था मिलाइन्थ्यो । हाम्रो घरबाट उनी गोरखा भोगटेनी नारेश्वरका शेषप्रसाद श्रेष्ठ कहाँ गएका थिए । शेषप्रसाद मेरा बाका मामा खड्गप्रसाद श्रेष्ठका माहिला छोरा हुनुहुन्छ । त्यहाँबाट उनी छोप्राकका पद्मनारायण मल्लको घरमा पुगेको बुझिन्छ । यसरी कार्यकर्तालाई भेट्दै, संगठन निर्माण गर्दै राजेश्वरले जिल्लाका सबै जसो भागमा घुमेर क्रान्तिको निम्ति पृष्ठभूमि तयार पारेका थिए ।

गोरखाको लिगलिग कोटको फेदीमा रहेको आँपपीपल गाउँमा पण्डित परिवारमा पिता हरिभक्त देवकोटा तथा माता वसुन्धराको सन्तानको रूपमा असोज २३, १९८६ मा राजेश्वरको जन्म भएको थियो । प्रारम्भिक शिक्षा गाउँमै हासिल गरी थप शिक्षाका लागि काठमाडौँ पुगेका राजेश्वर २००४ सालमा संस्कृत शिक्षा तर्फका विद्यार्थीहरूले शुरू गरेको “जयतु संस्कृतम्” आन्दोनमा सक्रिय थिए (भट्टराई २०७३) । तत्पश्चात् नेपालको राजनीतिमा उनको सहभागिता शुरू भयो र २०७२ सालमा उनको मृत्यु हुनु अघिसम्म सो सक्रियता कायमै रहिरह्यो ।

***

[३] पश्चिम नेपालमा २००७ सालको क्रान्तिपूर्व र क्रान्ति क्रममा भएका गतिविधिका लागि पंगेनी (२०५३) र शर्मा (२०६६) हेर्नुहोस् । दुवैको पुस्तकमा गोरखामा भएका गतिविधिबारे खासै उल्लेख पाइँदैन ।

राजनीतिक अभिप्रायले नेपालबाहिर भारतमा संगठन खोली नेपालभित्र समेत संगठन निर्माण र आन्दोलनका प्रयत्न चलिरहेका थिए । यसै क्रममा २००७ सालको असोजमा सो आन्दोलनको मियोको रूपमा रहेको नेपाली काँग्रेसले आफ्नो संघर्षको बाटो परिवर्तन गऱ्यो । त्यसको एक महिनापछि काठमाडौँमा अर्को महत्त्वपूर्ण राजनीतिक घटना घट्यो, जसले राणा शासन फाल्ने निर्णायक संघर्षलाई तत्काल शुरू गर्ने परिस्थिति निर्माण गरिदियो ।

कात्तिक २१ मा तात्कालिक राजा त्रिभुवन सपरिवार (नाति ज्ञानेन्द्र बाहेक) वनभोज जाने निहुँमा नारायणहिटी राजदरबारबाट निस्किए र लैनचौरस्थित भारतीय राजदूतावासमा प्रवेश गरे । प्रधानमन्त्री मोहन शम्शेर राणा र उनका भाइभारदारले निकै प्रयास गर्दा पनि त्रिभुवनलाई दूतावासबाट फर्काउन असमर्थ भए । दूतावासमा शरण लिएको चौथो दिन कात्तिक २५ गते भारतीय राजदूतावासले व्यवस्था गरेको हवाईजहाजबाट त्रिभुवन सपरिवार दिल्ली प्रस्थान गरे । त्यही दिन राती नेपाली काँग्रेसका सशस्त्र सेनाले वीरगञ्जमा हमला गरेर निर्णायक संघर्ष शुरू गरे । मूलतः सीमावर्ती शहरमा सशस्त्र आन्दोलन भयो भने काठमाडौँ र अन्य धेरै पहाडी इलाकाका मुकाममा पनि निशस्त्र र कहीँ सशस्त्र आन्दोलन मच्चियो ।

पश्चिम नेपालका गोरखा, तनहुँ, लमजुङ आदि इलाकामा क्रान्ति सञ्चालन गर्न श्रीभद्र शर्मा र राजेश्वर देवकोटा खटिएका थिए । तर भारतबाट नेपाल प्रवेश गर्ने क्रममा शर्मा पक्राउ परे । देवकोटा भने गोरखा जिल्लाको चारैतिर घुमेर क्रान्तिको संयोजन र नेतृत्व गर्न सफल भए । देवकोटाबारेको पुस्तकमा गोरखाको क्रान्तिको निम्ति खाञ्चोक बगुवाका गणेशराज वन्त, भोगटेनी नारेश्वरका शेषप्रसाद श्रेष्ठ तथा खोप्लाङका पद्मनारायण मल्लका घर क्रान्तिकारीहरूको अखाडा बनेको उल्लेख छ (भट्टराई २०७३ : ७०) ।

नेपालका कतिपय जिल्लामा कात्तिकदेखि नै आन्दोलन शुरू भइसकेको भए तापनि गोरखामा भने पुसको अन्तिम हप्ताबाट मात्र आन्दोलन शुरू भयो । पुस २६ मा गोरखाको खोप्लाङस्थित अन्नपूर्ण मन्दिरमा वनभोजको बहानामा जिल्लाका सबै भेगका क्रान्तिकारीहरूको एउटा भेला आयोजना गरिएको थियो ।[४] यही भेलाले पुस २७ मा गोरखाको सदरमुकाम पोखरीथोकमा आक्रमण गरी बडाहाकिमलाई कब्जामा लिएर क्रान्ति प्रारम्भ गर्ने निर्णय गरेको थियो ।

भेलामा निर्णय भएबमोजिम पुस २७ मा जिल्लाका विभिन्न भेकबाट युवा क्रान्तिकारीहरू सदरमुकाम पोखरीथोकतर्फ आ-आफ्ना स्थानीय नेताको नेतृत्वमा पुग्न थाले । सदरमुकाम पोखरीथोक बजारकै पनि थुप्रै युवाहरू सक्रिय थिए । खाञ्चोक भञ्ज्याङ बगुवाबाट गणेशराज वन्तको अगुवाइमा रुद्रबहादुर श्रेष्ठ लगायत थुप्रै युवा सदरमुकामका सरकारी अड्डा कब्जा गर्ने उद्देश्य राखी पुगेका थिए । सो समूहमा हाम्रा अरू बाहरू तथा दाजुहरू पनि सम्मिलित थिए । छिमेकी जिल्ला तनहुँ र लमजुङबाट पनि क्रान्तिकारीहरू आएका थिए ।

[४] चूडानारायण श्रेष्ठ (२०७२) का अनुसार सो भेला पुस १९ मा आयोजना गरिएको थियो ।

भेला र भेलाले गरेको निर्णय एवं तयारीका सम्बन्धमा सदरमुकाममा रहेको बडाहाकिमको प्रशासनले भेउ पाउन सकेन। त्यसैले, देशव्यापी आन्दोलन शुरू भएपछि काठमाडौँबाट झिकाइएको एक कम्पनी फौज समेत गरी करिब १,५०० जवानको सैनिक बल लिएर बडाहाकिम क्याप्टेन चन्द्रबहादुर ठकुरी सदरमुकाममा ढुक्कसँग बसिरहे। तर, खोप्लाङ भेलाको निर्णय अनुसार पुस २७ मा बिहान १०–११ बजेतिर राजेश्वर देवकोटाको नेतृत्वमा आएका जुलुस नारा लगाउँदै सदरमुकाममा रहेको टुँडिखेल भित्र पस्न थाले (नेपाली २०७२)।[५] चारैतिरबाट मान्छेका हुल उर्लेको देखेर त्यहाँ उपस्थित सैनिक बल पनि आत्तियो, र कुनै कारवाही गर्न सकेन। पछि यही हुलले बडाहाकिम ठकुरीलाई गिरफ्तार गरी नेल र हतकडी लगाएर जेलमा थुन्यो। सेनाका र अन्य अड्डाका हाकिमलाई पनि उनीहरूले पक्राउ गरी थुन्न सफल भए। सेनासँग रहेका भरुवा बन्दुक खोसेर जुलुसले उनीहरूलाई हतियार विहीन तुल्यायो। यसरी निशस्त्र क्रान्तिकारीहरूले सशस्त्र बल लिएर बसेको राणा शासनको संयन्त्रलाई नियन्त्रणमा लिन सफल भए।

***

आन्दोलनकारीहरूले सफलतापूर्वक स्थानीय सत्ता कब्जा गरेपछि अन्यत्र जिल्लामा झैँ गोरखामा पनि स्थानीय जनसरकार गठन गरियो। यद्यपि, स्थानीय जनसरकारको नेतृत्व र संरचनाबारे भने मतैक्य छैन। गोरखा-क्रान्तिबारे आधारभूत जानकारी खोजी गर्ने क्रममा तीन ओटा पुस्तक (न्यौपाने २०७०; देवकोटा २०७२ र भट्टराई २०७३) मा यसबारे लेखिएको पाइयो। यी तीन पुस्तक सो क्रान्तिका तीन महत्त्वपूर्ण व्यक्ति क्रमशः पद्मनारायण मल्ल, गजेन्द्रराज देवकोटा र राजेश्वर देवकोटाबारे हुन्।

गौतम न्यौपानेद्वारा लिखित पद्मनारायण मल्लको जीवनवृत्तमा मल्ललाई नयाँ सरकारमा बडाहाकिम बनाएको भनिएको छ (न्यौपाने २०७० : १४)। गोरखा-क्रान्तिबारे उल्लेख भएको अर्को पुस्तक सुब्बा गजेन्द्रराज उपर छ र सो पुस्तकमा न्यौपानेले "सुब्बा गजेन्द्रराजका सम्बन्धमा" शीर्षकमा लेख लेखेका छन् (न्यौपाने २०७२)। यो लेखमा अघिल्लो सामग्रीमा परेका कतिपय कुरा दोहोरिएका भए तापनि नयाँ सरकारको बडाहाकिम मल्ल भएको तथ्य भने परेको छैन।

चैतन्यराज देवकोटा (२०७२) ले तयार गरेको अर्को पुस्तक *बुबा !* मा सुब्बा गजेन्द्रराज देवकोटाबारे विभिन्न व्यक्तिहरूका लेख छन्। तीमध्ये न्यौपाने बाहेकका अरू चार लेखमा गोरखाको क्रान्ति र गजेन्द्रराज देवकोटाको भूमिकाको विषयमा चर्चा गरिएको पाइन्छ। यो पुस्तकमा परेको चन्द्रराज पाण्डे (२०७२) को लेखमा भने रत्नकुमार श्रेष्ठलाई बडाहाकिम

[५] रत्नकुमार श्रेष्ठ (२०७२) ले यो घटना पुस २८ मा भएको लेखेका छन्।

र गणेशराज वन्तलाई गृहमन्त्री बनाएको सुनिन्थ्यो भनिएको छ। अन्य लेखमा बडाहाकिम कसलाई बनाइएको थियो भन्ने उल्लेख छैन। स्वयं रत्नकुमार श्रेष्ठले पनि यो कुरा उप्काएका छैनन्। राजेश्वर देवकोटाबारेको पुस्तक *विद्रोही* (भट्टराई २०७३) मा पनि जनसरकारको नेतृत्व (बडाहाकिम) बारे केही लेखिएको छैन।

बडाहाकिम पद्मनारायण थिए कि रत्नकुमार भन्नेबारे मतैक्य नभए पनि गणेशराज वन्तले अर्को महत्त्वपूर्ण पद सम्हालेको बुझिन्छ। कसैले उहाँलाई गृहमन्त्री तोकिएको भनेका छन् (पाण्डे २०७२) भने कसैले (राज्य) व्यवस्था समितिको अध्यक्ष भनेका छन् (चूडानारायण श्रेष्ठ २०७२)। यद्यपि, यस विषयमा बाले मसँग कहिल्यै चर्चा गर्नु भएन अथवा अन्यसँग चर्चा गर्नु भएको पनि मलाई जानकारी छैन। सम्भवतः उहाँहरूको शासनावधि निकै छोटो (केही दिन मात्र) भएकाले पनि उहाँले त्यसलाई उति महत्ता नदिएको हुनसक्छ।

क्रान्तिकारीहरूले पुस २७ गते बडाहाकिम लगायत अन्य सेना तथा अड्डा प्रमुखलाई कब्जामा लिएपछि उनीहरूले आपसमा कार्यभार बाँडफाँट गरी शासन सञ्चालन गर्न प्रारम्भ गरेको देखिन्छ। गणेशराज वन्तको अध्यक्षतामा राज्य व्यवस्था समितिको बैठक दिनभर बस्दा पनि कुनै ठोस व्यवस्था गर्न नभ्याएको भन्ने कुरा पनि बुझिन्छ। तथापि, सबै कर्मचारीको तलब दोब्बर गर्ने, क्रान्तिको सफलताको खुसीयालीमा तीन दिन सार्वजनिक विदा दिने जस्ता निर्णय/घोषणा उनीहरूले गरेका थिए। साथै, मान्छेहरूलाई विभिन्न ठाउँमा काममा खटाउन भनी गोरखा माल अड्डाबाट केही रकम समेत उनीहरूले झिकेका थिए।[६]

क्रान्तिको लगत्तै माघे संक्रान्ति परेकाले धेरै जसो क्रान्तिकारीहरू आ-आफ्ना घरतर्फ फर्किए। तर अर्कोतर्फ पुस २९ का दिन गोरखामा बडाहाकिमका मान्छेहरू, सेनाका केही जवान र स्थानीय तथा जिल्लाका अन्य भेकबाट आएका असन्तुष्ट व्यक्तिहरू तथा काठमाडौँबाट लखेटिएर गोरखामा बसोबास गरेर बसेका राणाजीहरू, विशेष गरी जंगबहादुरका साखा-सन्तानहरू, घरेलु हातहतियार सहित एकत्रित भए। उनीहरूले बडाहाकिम चन्द्रबहादुर र अन्य थुनिएका हाकिमहरूलाई छुटाएर लगे। उनीहरू छुटेपछि प्रहरी र सेना परिचालन गरेर क्रान्तिमा लागेका पोखरीथोक बजारका विशेष गरी युवाहरूलाई पक्राउ गरियो। पक्राउ परेकालाई नेल-हत्कडी ठोकियो, यातना दिइयो। जिल्लाका अन्यत्र

[६] माल अड्डाबाट झिकिएको रकमबारे पनि एक मत देखिन्न। राजेश्वर देवकोटाबारेको पुस्तकमा २ हजार ५ सय रुपियाँ झिकिएको भनिएको छ (भट्टराई २०७३)। चन्द्रराज पाण्डेले भने विभिन्न नाकामा बाटो बन्द गर्न मान्छे खटाउन बडाहाकिम रत्नकुमार श्रेष्ठ, जित बहादुर नेपाली अदालततर्फ, हिरामान श्रेष्ठ मालतर्फ गई ५३ हजार रुपियाँ झिकेको भनी लेखेका छन् (पाण्डे २०७२)। पाण्डेले उल्लेख गरेको रकम तात्कालिक अवस्थाका लागि निकै ठुलो भएकाले त्यति रकम ती अड्डामा मौज्दात रहन सक्थ्यो कि सक्दैनथ्यो भन्ने प्रश्न उठ्छ।

इलाकामा पनि सेना-प्रहरी परिचालन गरेर क्रान्तिमा लागेका नेताहरूको खोजी-तलासी भयो। जिल्लाका विभिन्न दिशाबाट पोखरीथोकमा आएका क्रान्तिकारीहरू भागाभाग भए।[७]

क्रान्तिको नेतृत्व गरेका राजेश्वर देवकोटालाई बजारका एकजनाले परालको कुन्यूमा लुकाएका थिए। सेनाले खोज्दै आउँदा बन्दुकको चुच्चो (संगीन) ले परालमा घोच्दै हेर्ने क्रममा उनलाई छुन त छोयो तर घाइते नभएकाले पछि रातारात भागेर ज्यान जोगाएका थिए।[८] मेरा बा पनि भागेर आफ्नो गाउँ बगुवा फर्कनु भयो। तर, सिपाहीहरू खटाएर खानतलासी लिन थालेकाले आफ्नो घरमा नबसी गाउँमा प्रत्येक दिन घर फेर्दै सुत्ने गर्नुहुन्थ्यो भन्ने प्रसंग माथि पनि आइसकेको छ। हाम्रो घरमा सिपाहीले घेरेको दिन साँझपख भेष बदलेर बा एकजनासँगै बेसितिर झर्नु भएको थियो। माघ महिनाको जाडोमा यताउता गर्दै धेरै दिन गाउँमा बिताउन नसकिने भएपछि पारिवारिक सल्लाहमा एकजना साथी र भरिया लिई उहाँ काठमाडौँतर्फ लाग्नुभयो। काठमाडौँमा पनि असुरक्षित भए आवश्यक परे दिल्लीसम्म जाने सल्लाह भएको मैले सुनेको थिएँ। आरुघाट त्रिशूलीको मूलबाटो हिँड्दा पक्राउ पर्ने सम्भावना भएकाले धादिङको बाटो गरी भीमढुंगा हुँदै उहाँ काठमाडौँ पुग्नुभयो।

उता दिल्लीमा माघ २४ मा भारत सरकारको मध्यस्थतामा त्रिभुवन र राणाहरूबीच सम्झौता भयो भने आन्दोलनकारी नेपाली काँग्रेस फड्के किनाराको साक्षी बन्यो। सो सम्झौतापछि माघ २५ मा हवाईजहाजबाट नेपालका विभिन्न इलाकामा पर्चा छरेर सबैलाई सोबारे जानकारी दिइयो। फागुन ४ मा राजा त्रिभुवन काठमाडौँ फर्किए। अनि यसै गरी अन्य प्रमुख नेताहरू पनि काठमाडौँ फर्किए। सम्झौता बमोजिम फागुन ७ मा नेपालमा प्रजातन्त्र स्थापना भयो। मोहन शम्शेरको नेतृत्वमा नयाँ राणा-काँग्रेस मन्त्रीमण्डलको पनि घोषणा गरियो। यसले १०४ वर्ष लामो जहानियाँ राणा शासनलाई पनि अन्त्य गऱ्यो।

प्रजातन्त्रको घोषणा भइसकेपछि पनि गोरखामा भने प्रतिक्रान्तिपछि गिरफ्तार गरिएका चूडानारायण लगायत युवाहरूलाई बडाहाकिमले थुनिराखेकै थिए। उनीहरूलाई सरकारी ढुकुटी हिनामिना गरेको अभियोग समेत लगाइएको थियो। यो कुरा थाहा पाएर राजेश्वर देवकोटा पोखरीथोक फर्के। तर उनलाई पनि कर्फ्यू तोडेको अभियोगमा गिरफ्तार गरियो। देशमा राजनीतिक परिवर्तन आइसकेको, सरकारी ढुकुटी हिनामिना नगरिएको, गरिएको

[७] गोरखा क्रान्तिकारीहरूलाई सांघातिक आक्रमण गरी लखेटेका प्रतिक्रान्तिकारीहरूले बन्दीपुर बजारसमेत आक्रमण गर्ने धम्की दिएकाले बन्दीपुरमा सबैजना डराएका थिए भनी श्रीभद्र शर्माले लेखेका छन्। उनले सो आक्रमणमा राजेश्वर देवकोटा, गजेन्द्रराज देवकोटा, रत्नकुमार श्रेष्ठ आदि घाइते भएको उल्लेख गरेका छन् (हेर्नुहोस्, शर्मा २०६६ : १८४)।

[८] मेरा बाले देवकोटालाई बेस्करी घाइते हुने गरी कुटेका थिए भन्नु भएको म सम्झन्छु। पक्राउ गरी कुटेका भए उनी भाग्न सफल नहुनुपर्ने हो। सम्भवतः बाले भनेका देवकोटा राजेश्वर नभई गजेन्द्रराज थिए।

भए पनि आफू एक्लो जिम्मेवार भएको देवकोटाले बडाहाकिमसँग कुरा गरेपछि र बडाहाकिमले पनि राणा शासन ढलिसकेको कुरा बुझेकाले देवकोटा र अन्य थुनुवाहरूलाई पनि छाडिदिए ।[९]

प्रजातन्त्र आइसकेपछि पनि उनै पुराना बडाहाकिम कायमै रहेका र जिल्लामा गोरखा दलले सशस्त्र अशान्ति मचाइरहेकाले राजेश्वर देवकोटा तथा अन्य नेताको पहलमा काँग्रेसका नेता विश्वबन्धु थापा बडाहाकिम बनाएर गोरखा लगिए । जिल्लाको शान्ति-सुरक्षा तथा आफ्नो सुरक्षालाई ध्यानमा राखेर उनले आफूसँगै सेनाको एक पल्टन पनि गोरखा ल्याएका थिए ।

***

गोरखामा पुस २७, २००७ मा भएको जनक्रान्ति असफल हुनाको कारणमा क्रान्तिपछि हुनुपर्ने व्यवस्थापन राम्रोसँग हुन नसक्नु प्रमुख कारण देखिन्छ । त्यसबाहेक, क्रान्तिका निम्ति भारतमा नै संगठित सशस्त्र मुक्ति सेना गोरखामा पुग्न नसक्नु र पश्चिम भेगको निम्ति नेतृत्व गर्न खटाइएका नेतामध्ये राजेश्वर देवकोटा मात्र गोरखा पुग्न सक्नु र श्रीभद्र शर्मा भारतबाट नेपाल प्रवेश गर्नासाथ गिरफ्तार हुनु पनि अरू सहायक कारण हुन् । गोरखामा राजनीतिक चेतना जगाउने र क्रान्तिकारीहरूलाई संगठित तुल्याउनेहरूमा चूडानारायण श्रेष्ठ (किसुनबाबु), पद्मनारायण मल्ल, शेषप्रसाद श्रेष्ठ, गजेन्द्रराज देवकोटा, रत्नकुमार श्रेष्ठ, गणेशराज वन्त आदिको भूमिका रहेको देखिन्छ । उल्लिखित व्यक्ति तथा अन्य थुप्रै युवाहरूले गोरखामा निशस्त्र क्रान्ति गरी परिवर्तन ल्याउनमा भूमिका निर्वाह गरे । तर यी सबैमा राजेश्वर देवकोटाको मुख्य नेतृत्व रहेको कुरा पनि यसबाट प्रस्ट हुन आउँछ ।

[९] गिरफ्तार गरिएका बन्दीहरू छुटाउन भूमिका खेलेका व्यक्तिहरूबारे पनि मतैक्य पाइँदैन । न्यौपाने (२०७० : २३) ले गोरखाबाट राजेश्वर देवकोटा, पद्मनारायण मल्ल, रत्नकुमार श्रेष्ठ, चूडानारायण श्रेष्ठ सम्मिलित प्रतिनिधि मण्डल काठमाडौँ गएर गृहमन्त्री विश्वेश्वरप्रसाद कोइरालासँग भेटी बडाहाकिम चन्द्रबहादुर ठकुरीलाई हटाएको लेखेका छन् । रत्नकुमार श्रेष्ठ (२०७२ : ३८८) ले गजेन्द्रराज देवकोटाले गृहमन्त्री बीपी कोइरालासँग टेलिफोनमा कुरा गरी यथार्थ जानकारी गराएको र पछि सबै राजबन्दीहरू छुटे भनेर लेखेका छन् । राजेश्वर देवकोटाबारेको पुस्तक *विद्रोही*मा राजेश्वरले बीपीलाई फोन गरेपछि राजबन्दी रिहा भएको भनिएको छ (भट्टराई २०७३ : ७४) । आन्दोलनकारीहरूको रिहाइपछि उनीहरूले सदरमुकाम पोखरीथोकमा विजय सभाको आयोजना गरे । सो सभालाई बिथोल्न खुकुरीधारीहरूले हमला गर्दा गजेन्द्रराज देवकोटा घाइते भएका थिए (पाण्डे २०७२ : २७८) ।

## सन्दर्भ सामग्री

गौतम, राजेश । २०४६ । *नेपालको प्रजातान्त्रिक आन्दोलनमा नेपाल प्रजा-परिषद्को भूमिका* । काठमाडौँ : राजेश गौतम ।

देवकोटा, चैतन्यराज, सं. । २०७२ । *बुबा !* गोरखा : भद्रकालीकुमारी देवी देवकोटा ।

नेपाली, जीतबहादुर । २०७२ । गोरखनाथ र गोरखकालिका भक्त । *बुबा !* चैतन्यराज देवकोटा, सं., पृ. २८७–२८८ । गोरखा : भद्रकालीकुमारी देवी देवकोटा ।

न्यौपाने, गौतम । २०७० । *कर्मशील जीवनको शिखर यात्रा (स्व. पद्मनारायण मल्ल [१९८०–२०६७] को जीवनवृत्त)* । चितवन : श्री पद्मनारायण धर्मकुमारी मल्ल समाज कल्याण प्रतिष्ठान ।

न्यौपाने, गौतम । २०७२ । सुब्बा गजेन्द्रराजका सम्बन्धमा । *बुबा !* चैतन्यराज देवकोटा, सं., पृ. २६८–२७२ । गोरखा : भद्रकालीकुमारी देवी देवकोटा ।

पंगेनी, भवेश्वर । २०५३ । *पश्चिम नेपालमा प्रजातान्त्रिक आन्दोलन २००७* । कपिलवस्तु : शोभादेवी भोलानाथ ट्रष्ट ।

पाण्डे, चन्द्रराज । २०७२ । गोरखाको ऐतिहासिक पृष्ठभूमि र क्रान्तिका अग्रणी सुब्बा गजेन्द्रराज । *बुबा !* चैतन्यराज देवकोटा, सं., पृ. २७३–२७८ । गोरखा : भद्रकालीकुमारी देवी देवकोटा ।

भट्टराई, कुसम । २०७३ । *विद्रोही : राजेश्वर देवकोटाको व्यक्तित्व, कृतित्व र विचार* । काठमाडौँ : घोष्ट राइटिङ्ग नेपाल ।

शर्मा, श्रीभद्र । २०६६ । *आफैतिर फर्केर हेर्दा* । काठमाडौँ : रत्न पुस्तक भण्डार ।

श्रेष्ठ, चूडानारायण (किसुनबाबु) । २०७२ । ०७ सालको गोर्खाली क्रान्ति । *बुबा !* चैतन्यराज देवकोटा, सं., पृ. २७९–२८२ । गोरखा : भद्रकालीकुमारी देवी देवकोटा ।

श्रेष्ठ, रत्नकुमार । २०७२ । प्रजातन्त्र सेनानी सुब्बा गजेन्द्रराज । *बुबा !* चैतन्यराज देवकोटा, सं., पृ. ३८५–३९० । गोरखा : भद्रकालीकुमारी देवी देवकोटा ।

## लेखक परिचय

**तीर्थराज वन्त** लेखक, कवि र अनुवादक हुन् । उनले एक दर्जनभन्दा बढी कविता संग्रह प्रकाशित गरेका छन् । उनको लेखन र अनुवादमा अरू थुप्रै पुस्तक पनि प्रकाशित छन् ।
इमेल : mondamikonta@gmail.com